# मानव अधिकार अवस्था

(मासिक विश्लेषण-जनवरी २०१७ )[१]

सन् २०१७ को जनवरी महिना मानव अधिकार र सामाजिक न्यायका दृष्टिले सुखद् रहेन । इन्सेक अनलाइनमा प्रकाशित समाचारहरूका आधारमा विश्लेषण गर्दा यो महिना पनि अघिल्लो महिनामा जस्तै स्वास्थ्य संस्थामा सरकारले निशुल्क वितरण गर्ने घोषणा गरेअनुसारका औषधि उपलब्ध भएनन् । स्वास्थ्य संस्थाहरूमा नियमित स्वास्थ्यकर्मी बस्ने र निःशुल्क औषधि पाइने प्रचार गरिएको भए पनि ग्रामीण क्षेत्रका स्वास्थ्य संस्थाहरूमा औषधि नपाइने गरेको र स्वास्थ्यकर्मी नबस्ने गरेको समाचार इन्सेक अनलाइनमा प्रकाशित भए । समाचारहरूका अनुसार ग्रामीण भेगका अधिकांश स्वास्थ्य संस्था बिहान ११ बजेपछि मात्रै खुल्छन् र २ बजे बन्द भइसक्छन् ।

स्वास्थ्य मन्त्रालयले सरकारी स्वास्थ्य संस्थाबाट प्रदान गर्ने ओपीडी सेवा दिनभर दिने भनेको छ । तर, स्वास्थ्यकर्मी दिउँसो २ बजेसम्म मात्रै सेवा दिएर बाँकी समय आफ्नै निजी क्लिनिक र अरूकोमा काम गर्न पुग्ने गरेको समाचार प्रकाशन भए । इन्सेक प्रतिनिधिले धनुषा र महोत्तरीका स्थानीय स्वास्थ्य संस्थामा गरेको अनुगमनका क्रममा अधिकांश स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी भएको पाइएन भने स्वास्थ्यकर्मी कार्यालय समयमा उपस्थित नहुने, निःशुल्क वितरण गर्ने भनिएका औषधि नपाइने जस्ता समस्या देशभर नै दखियो ।

| घटनाको प्रकार | राज्य पक्षबाट | | गैर राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| भेला तथा सङ्गठित हुने अधिकार | ३ | **३** | | | |
| कुटपिट | | | | १७ | **१७** |
| अमानवीय व्यवहार | १ | **१** | | २ | **२** |
| घाइते | ४ | **४** | | | |
| हत्या | | | ७ | २ | **९** |
| बाल अधिकार | | | २२ | ९ | **३१** |
| महिला अधिकार | | | १२८ | | **१२८** |
| **जम्मा** | **८** | **८** | **५७** | **३०** | **१८७** |

स्वास्थ्य अधिकारलाई नेपालको संविधानको भाग ३ को धारा ३५ मा मौलिक अधिकारका रूपमा उल्लेख गरिएको छ । सरकारले देशभरका उपस्वास्थ्य चौकी स्तरोन्नति गरी स्वास्थ्य चौकीमा रूपान्तरण गरिसकेको छ । स्वास्थ्य चौकीबाट गर्भवती महिलालाई दिइनेसहितका ३५ प्रकार र जिल्ला अस्पतालबाट उपलब्ध हुने ७२ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने घोषणा गरेको छ । तर, सबै स्वास्थ्य चौकी र जिल्ला अस्पतालमा निःशुल्क दिने भनिएका सबै औषधि पाइँदैनन् । स्वास्थ्य संस्थामा निःशुल्क वितरण गरिने औषधिको अभाव र दरबन्दीअनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मी नभएका समाचार जनवरी महिनाभर नै प्रकाशित भइरहे । अर्कोतर्फ धेरै स्वास्थ्य संस्था दिउँसो २ बजेपछि बन्द गरिने गरिएका गुनासा पनि व्याप्त रहे ।

---

[१] अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत डिसेम्बर महिनादेखि मानव अधिकार अवस्था बारेको मासिक प्रतिवेदन प्रकाशन गर्न सुरुआत गर्न थालेको जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ । इन्सेकले विगत २५ वर्षदेखि नेपालको मानव अधिकार अवस्थाबारे अभिलेख गर्नुका साथै यसको प्रसार गरिरहेको छ । देशका ७५ जिल्लामा रहेका इन्सेकका जिल्ला प्रतिनिधिमार्फत इन्सेकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको अभिलेख गर्ने गरिन्छ । यसैगरी, मानव अधिकार अवस्थाको दैनिक अभिलेख तथा प्रसार गर्ने उद्देश्यले इन्सेकले www.inseconline.org मार्फत हरेक दिन नेपालको मानव अधिकार अवस्थासम्बन्धी समाचार प्रकाशन गर्दै आएको छ । यो मासिक विश्लेषण **इन्सेकअनलाइन**मा प्रकाशित समाचारहरूको आधारमा तयार पारिएको हो । अघिल्लो महिनाको मानव अधिकार अवस्थालाई समेटेर हरेक अङ्ग्रेजी महिनाको ७ तारिखमा मासिक प्रतिवेदन प्रकाशन गरिनेछ ।

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूका आधारमा मानव अधिकार अवस्थाको सार्वजनिकीकरण गरी सरोकारवाला निकायलाई जबाफदेही बनाउने, पीडितलाई न्याय र पीडकलाई कानुन अनुसार कारबाहीका लागि पैरवी गर्ने र मानव अधिकार अवस्थाका बारेमा जान्न चाहनेहरूका लागि यो मासिक विश्लेषण उपयोगी हुने हामीले अपेक्षा गरेका छौं ।

प्रमुख दलका नेताले सार्वजनिक रूपमै स्थानीय निर्वाचनको रटान त दोहोऱ्याइरहे तर तयारीका काममा भने सिन्कोसमेत भाँचिएन । निर्वाचन आयोगले प्राविधिक काम पनि अगाडि बढाउन सकेन । निर्वाचन गराउन कम्तीमा चार महिनाको समय आवश्यक पर्ने बताउँदै निर्वाचन आयोगले कानुन निर्माणका लागि बारम्बार अप्रत्यक्ष दबाब दिइरह्यो । तर, निर्वाचनसँग जोडिएका राजनीतिक दल, मतदाता नामावली, निर्वाचन आयोग, निर्वाचन कसुर र स्थानीय निर्वाचनसँग सम्बन्धित पाँचवटा विधेयक राज्य व्यवस्था समितिमा छलफलमै सीमित रहे ।

इन्सेकको अभिलेख अनुसार जनवरी महिनामा १ सय ९५ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित भए । जसमध्ये राज्यपक्षबाट आठ र गैरराज्यपक्षबाट १ सय ८७ जना रहेका छन् । जनवरीमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनमा अमानवीय व्यवहारबाट एक, घाइते चार र भेला तथा सङ्गठित हुने अधिकारबाट तीन जना पीडित भए । राज्य पक्षबाट भएका घटनामा आठै जना पुरुष पीडित भएको अभिलेख छ । त्यसैगरी गैर राज्यपक्षबाट भएका ज्यादतीका घटनामा ३० पुरुष र १ सय ५७ जना महिला पीडित भए । गैर राज्यपक्षबाट गरिएको कुटपिटका घटनामा १७ जना पीडित भएको पनि इन्सेकले अभिलेख गरेको छ । यो महिना बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट नौ जना बालक र २२ जना बालिका पीडित भए । इन्सेक अनलाइनमा प्रकाशन गरिएका समाचार अनुसार १४ जना बलात्कारका घटनामा र ६ जना बालिका यौन दुर्व्यवहारका घटनामा पीडित भए । जनवरीमा बालश्रमका कारण आठ जना बालक पीडित भएका थिए भने विद्यालयमा दिइएको शारीरिक यातनाका घटनामा एक जना बालक र एक जना बालिका पीडित भए ।

यसैगरी महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १ सय २८ जना पीडित भएको अभिलेख छ । अभिलेखित घटनामा घरेलु हिंसाका कारण १ सय ५ जना, कथित बोक्सीको आरोपमा दुई जना, बलात्कारका घटनामा चार जना, यौन दुर्व्यवहारका घटनामा एक जना, बलात्कार प्रयासका घटनामा चार जना, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा पाँच जना र बहुविवाहका कारण सात जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । यो महिना परिवाजनका सदस्यले ६ जना महिलाको हत्या गरेको इन्सेकमा अभिलेख भयो । जसमध्ये एउटा घटनामा ससुराले बुहारीको हत्या गरेको घटना छ भने अन्य पतिद्वारा पत्नीको हत्या गरेका घटना समावेश छन् ।

**निष्कर्ष**

इन्सेकको अभिलेख अनुसार राज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएको भए पनि गैर राज्यपक्षबाट हुने उल्लङ्घन र ज्यादतीका घटनामा कमी आएको पाइएन । बलात्कार, यौन दुर्व्यवहार, कथित बोक्सीको आरोपमा दुर्व्यवहार जस्ता घटनामा महिला बढी पीडित भएको इन्सेकको अभिलेख छ । यस्ता खालका घटना न्यूनीकरणका लागि जनचेतनाका कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक भइसकेको छ ।

**सुझाव**

१. सरकारले घोषणा गरेको निःशुल्क वितरण गरिने औषधिहरू सहज प्राप्तिका लागि अबिलम्ब भरपर्दो संयन्त्रको विकास गर्ने ।
२. स्वास्थ्य संस्थामा सरकारी घोषणा र दरबन्दी अनुसारका स्वास्थ्यकर्मीको व्यवस्था मिलाउने ।
३. घरेलु हिंसा नियन्त्रणका लागि भरपर्दो कानुनी संयन्त्रको विकास गरी हिंसा नियन्त्रणका लागि प्रभावकारी कदम चाल्ने ।
४. स्थानीय तहमा जनप्रतिनिधि भएको खण्डमा देखिएका धेरै समस्याको हल हुने भएकाले स्थानीय तहको निर्वाचन अबिलम्ब गर्ने ।